# धरान उपमहानगरपालिका

## स्थानीय राजपत्र

खण्डः ५ | धरान उपमहानगरपालिकाद्वारा प्रकाशित | संख्याः ३

मितिः २०७८/११/१८


**भाग १**

**धरान उपमहानगरपालिका**

**शिक्षा ऐन, २०७८**

आज्ञाले
लक्ष्मी प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत

**प्रस्तावना**

नेपालको संविधानको धारा ५७ को उपधारा (४) ले प्रदान गरेको शिक्षा सम्बन्धी अधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद- ३, गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको दफा ११(ज) आधारभूत तथा माध्यमिक शिक्षा अन्तर्गत उल्लिखित अधिकारको प्रयोग गरी धरान उपमहानगरपालिका क्षेत्रमा आधारभूत तथा माध्यमिक शिक्षा लगायतका शैक्षिक कार्यक्रम व्यवस्थापन र सञ्चालन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद- १५, दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी धरान उपमहानगरपालिकाको दशौं नगर सभाबाट यो विधेयक पारित गर्नका लागि सभामा पेश गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**-(१) यस ऐनको नाम "**शिक्षा ऐन २०७८**" रहेको छ।

(२) यो ऐन धरान उपमहानगरपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो ऐन नगरसभाबाट पारित भएपछि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**मन्त्रालय**" भन्नाले नेपाल सरकार, शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(ख) "**उपमहानगरपालिका** "भन्नाले धरान उपमहानगरपालिका सम्झनुपर्छ।

(ग )"**कार्यपालिका**" भन्नाले धरान उपमहानगरपालिकाको नगरकार्यपालिका लाई सम्झनुपर्छ।

(घ) "**प्रमुख**" भन्नाले उपमहानगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(ङ)"**उपप्रमुख**" भन्नाले उपमहानगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(च) "**नगर शिक्षा समिति**" भन्नाले दफा (९) अनुसार गठन भएको नगर शिक्षा समिति सम्झनुपर्छ।

(छ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले धरान उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको काम गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ।

(ज)"**महाशाखा**" भन्नाले धरान उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय मातहतको शिक्षा, युवा तथा खेलकुद महाशाखा सम्झनुपर्छ।

(झ)"**नगर शिक्षा अधिकारी**" भन्नाले धरान उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ।

(ञ)"**पूर्व प्राथमिक विद्यालय**" भन्नाले तीन र चार वर्ष उमेरका बालबालिकाको लागि दफा(१२) बमोजिम खोलिएको प्रारम्भिक बालविद्यालय, मन्टेश्वरी, शिशुस्याहार केन्द्र आदिलाई सम्झनुपर्छ ।

(ट) "**शैक्षिक सत्र**" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ।

(ठ) "**व्यवस्थापन समिति**" भन्नालेदफा(१३)बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

(ड) "**संस्थागत विद्यालय**" भन्नाले निजी लगानीमा संचालन गर्ने गरी दफा (३) बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनुपर्छ।

(ढ) **"सामुदायिक विद्यालय"** भन्नाले नियमित अनुदान पाउने गरी अनुमति/ स्वीकृति लिएर संचालनमा रहेको विद्यालय सम्झनुपर्छ।

(ण) **"आधारभूत विद्यालय"** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि ८ सम्म सञ्चालित विद्यालय र **"माध्यमिकविद्यालय"** भन्नाले कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालय सम्झनुपर्छ।

(त) **"धार्मिक विद्यालय"** भन्नाले परम्परागत रुपमा चलि आएका गुम्वा, गुरुकूल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ।

(थ) **"शैक्षिकगुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा समूहले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

(द) **"विद्यालय"** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा १२ सम्म संचालित सामुदायिक, संस्थागत, विशेष तथा धार्मिक विद्यालयलाई जनाउनेछ ।

(ध) **"अनुमति"** भन्नाले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँदछ ।

(न) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिको शर्त पूरा गरको विद्यालयलाई दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(प) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ

(फ) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ब) **"कर्मचारी "** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद -२

## विद्यालय खोल्ने अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनुपर्ने** -(१) कुनै व्यक्ति वा संस्थाले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित तोकिएको निकाय/ अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा १ बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले निवेदन साथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ। त्यसरी जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा आफ्नो रायसहितको प्रतिवेदन नगर शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम नगर शिक्षा समितिको वैठकबाट अनुमति दिन सिफारिस गर्ने निर्णय भएमा कार्यपालिका समक्ष पठाउनुपर्नेछ, नगरकार्यपालिकाले उक्त सिफारिस मनासिब ठानेमा विद्यालय खोल्न अनुमति दिने निर्णय गर्न सक्नेछ।

(४)यो ऐन लागु भई सके पश्चात नयाँ स्थापना हुने विद्यालयहरुको सम्बन्धमा संघीय कानून बमोजिम हुनेछ ।

(५) शैक्षिक गुठीको दर्ता सञ्चालन र विघठन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुराहरुमा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाका रुपमा हुनु पर्नेछ ।

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्डमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी शैक्षिक गुठी भए कम्तीमा ३ जना सदस्य हुन पर्नेछ ।

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम राखी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालकले आफ्नो जीवनकाल मै वा शेषपछि गुठीयारका रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा उमपहानगरपालिकाको स्वीकृति लिनु पर्ने छ ।

(७) शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) उपदफा ३ बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा तोकिएको निकाय/ अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(९) उपमहानगरपालिकाले आवश्यक ठानेमा नगर क्षेत्रभित्र विद्यालय स्थापना गरी संचालन गर्न सक्नेछ ।

**४. विद्यालयको सञ्चालन**- विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**५. परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था–**

(१) आधारभूत तहको अन्तमा लिइने आधारभूत शिक्षा उत्तीर्ण परीक्षा नगर स्तरीय हुनेछ ।

(२) परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपमहानगरले आवश्यक ठानेमा कक्षा ८ बाहेक आधारभूत तहका अन्य कक्षाको परीक्षा समेत नगर स्तरमा लिन सक्ने व्यवस्था गर्न सक्नेछ ।

**६.विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**७. शिक्षाको माध्यमः**

(१)विद्यालयमा शिक्षाको माध्यम भाषा नेपाली, अंग्रेजी वा दुबै भाषा हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(ग) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउन पर्नेछ ।

(घ) सामाजिक मूल्य मान्यता, संस्कार, नैतिकता सम्बन्धी विषयहरु (हाम्रो सेरोफेरो, सामाजिक अध्ययन र नैतिक शिक्षा) नेपाली भाषामा नै पठनपाठन गराउन पर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ ।

(२) स्थानीय तहले संघीय पाठ्यक्रमको खाकाभित्र रही तोकिए बमोजिम स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी लागू गर्नेछ ।

**९. नगर शिक्षा समितिको गठनः** (१)नगरभित्रका विद्यालयहरुको रेखदेख र अध्ययन अध्यापनको व्यवस्थापन गर्ने काम समेतका लागि बढीमा १७ सदस्यीय एक नगर शिक्षा समितिको गठन हुनेछ ।

(२) उपदफा १ बमोजिमको नगर शिक्षा समितिमा देहायका सदस्यहरु रहनेछन् ।

(क) नगर प्रमुख -अध्यक्ष

(ख) उपप्रमुख उपाध्यक्ष

(ग) नगर प्रमुखबाट तोकिएका कम्तीमा १ जना महिला सहित कार्यपालिका सदस्य २ जना -सदस्य

(घ) नगर कार्यपालिकाबाट तोकिएका नगरसभा सदस्य मध्येबाट कम्तीमा १ जना दलित सदस्य सहित २ जना-सदस्य

(ङ) नगर प्रमुखबाट तोकिएका शिक्षाविद्, समाजसेवी, शिक्षाप्रेमी, अभिभावक मध्येबाट कम्तीमा १ जना महिला सहित ४ जना -सदस्य

(च) शिक्षक माहासंघको तर्फबाट प्रतिनिधी १ जना -सदस्य

(छ) निजी तथा संस्थागत विद्यालयबाट एसिसि (ACC) प्रतिनिधि १ जना -सदस्य

(ज) नगर शिक्षा समितिले मनोनयन गरेको सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येवाट १ जना -सदस्य

(झ) नगर शिक्षा समितिले मनोनयन गरेको सामुदायिक विद्यालयको प्रधानाध्यापकमध्येवाट कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

(ञ) नगर शिक्षा समितिले मनोनयन गरेको विशेष/ धार्मिक विद्यालयका संचालक, व्यवस्थापकहरुमध्येवाट १ जना - सदस्य

(ट) शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख - सदस्य सचिव

(३)(१) उपदफा २ बमोजिम मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(२) नगर बालसंजालका प्रतिनिधीहरु मध्येबाट कम्तीमा १ जना बालिका सहित २ जनालाई आमन्त्रण गर्नु पर्नेछ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) महाशाखाबाट पेस भएको शैक्षिक योजना कार्यक्रम र बजेटमाथि छलफल गरी कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ख) उपमहानगरपालिकामा स्वास्थ्य शैक्षिक वातावरण कायम राखी शिक्षाको गुणस्तरवृद्धि गर्न शिक्षा, युवा तथा खेलकुद महाशाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको नीति, कार्यक्रम अनुरूप विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलव्ध गराउने तथा थप सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) विद्यालय गाभ्न र बन्द गर्न सिफारिस गर्ने,

(च) उपमहानगरपालिकावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही शैक्षिक संस्थाहरुलाई आवश्यक निर्देशन दिने,

(छ) उपमहानगरपालिका भित्र संचालित संस्थागत विद्यालयहरुले लिने शुल्क स्वीकृत गर्ने,

(ज)उपमहानगरपालिका भित्र संचालित संस्थागत विद्यालयहरुलाई मापदण्ड बनाई वर्गीकरण गर्ने,

(झ) सामुदायिक विद्यालयका लेखा परीक्षकको पारिश्रमिक तोक्ने,

(ञ) प्रत्येक वर्ष शैक्षिक सत्र सुरु हुनु अगाबै नगर भित्रका सामुदायिक विद्यालय अन्तर्गतका कक्षा ५ सम्मका आधारभूत विद्यालयमा भौगोलिक विकटता र विद्यार्थी सङख्याका आधारमा न्युनतम कक्षागत दरबन्दी कायम गरी आधारभूत विद्यालयका कक्षा ६ देखि ८ सम्म तथा माध्यमिक विद्यालयलाई विद्यार्थी संख्या र विषयगत आधारमा नेपाल सरकारद्वारा उपलब्ध दरबन्दी वितरण र मिलान गर्ने,

(ट) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(५) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बनधी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१०. सामुदायिक सिकाइ केन्द्र सम्बन्धी व्यवस्थाः** नगरभित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रका कार्यलाई व्यवस्थित गर्न नगर शिक्षा समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**११. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** उपमहानगरपालिकाले आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**१२.पूर्व प्राथमिक विद्यालय/ प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः** पूर्व प्राथमिक विद्यालय/ प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३.विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः** (१)विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) अभिभावकहरुले आफु मध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना –सदस्य

(ख) उपमहानगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडाध्यक्षले मनोनयन गरेको एकजना –सदस्य

(ग) विद्यालयका संस्थापक, बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश बर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दशलाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका ब्यक्तिहरु मध्येबाट विद्यालय ब्यवस्थापन समितिले मनोनित गरेका १जना –सदस्य

(घ) शिक्षा युवा तथा खेलकुद महाशाखामा कार्यरत शिक्षा अधिकृत १ जना -सदस्य

(ङ) विद्यालयका शिक्षकले आफुहरु मध्येबाट छानी पठाएको एक जना शिक्षक –सदस्य

(च) प्रधानाध्यापक –सदस्य सचिव

(२) कक्षा ९-१२ संचालित माध्यमिक विद्यालयमा अध्ययनरत छात्र/छात्राहरु मध्ये विद्यार्थी भेलावाट छनौट गरी पठाईएका छात्र छात्राहरुलाई अनिवार्य रुपमा व्यवस्थापन समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागी गराउनु पर्नेछ ।

(३) अभिभावकले आफू मध्येबाट पठाएका खण्ड (क) बमोजिमका सदस्य र खण्ड (ग) बमोजिमका सदस्यमध्येबाट मात्र विद्यालय ब्यवस्थापन समितिको अध्यक्षको छनौट गरिनेछ।

(४) अध्यक्ष छनौट गर्ने पहिलो बैठकको अध्यक्षता जेष्ठ सदस्यले गर्नेछ।

(५) प्राविधिक र व्यबसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग बाणिज्य महासंघका दुई जना प्रतिनिधि, समाहित शिक्षा उपलब्ध गराउने विद्यालयमा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक मध्येबाट एक जना र अपाङ्गता भएका वालवालिका अध्ययन गर्ने विशेष विद्यालयमा सम्बन्धित अपाङ्गताका क्षेत्रमा काम गर्ने संस्थाका एक जना प्रतिनिधि सदस्य रहनेछन्।

(६) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट अनुदान निकासा हुने धार्मिक विद्यालयहरु (मदरसा, गुम्बा, गुरुकूल) मानियम (२७) को उपनियम (१) बमोजिमको विद्यालय व्यवस्थापन समिति गठन गरिनेछ।

(७) संस्थागत विद्यालयको संचालन र रेखदेख गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमका सदस्यहरु भएको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा अधिकारीले तोकेको व्यक्ति –अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एक जना महिला समेत पर्नेगरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका दुईजना –सदस्य

(ग) शिक्षा युवा तथा खेलकुद महाशाखामा कार्यरत शिक्षा अधिकृत एक जना –सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुहरु मध्येबाट छानी पठाएको एक जना –सदस्य

(ङ) सम्बन्धित वडा समितिले पठाएको प्रतिनिधि एक जना – सदस्य

(च) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(८) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ।

(९) राजीनामा स्वीकृत गर्ने व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ।

(१०) यो ऐन लागू हुनुभन्दा अघि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिको पदावधिभर सो समिति बहाल रहनेछ।

(११) अध्यक्षको पदरिक्त रहेको अवस्थामा सदस्यको राजीनामा व्यवस्थापन समितिले स्वीकृत गर्नेछ। वि.व्य.स. अध्यक्षको राजिनामा स्वीकृत भएको अवस्थामा समितिको बैठकको अध्यक्षता सदस्यहरु मध्येबाट छनौट भएको व्यक्तिले गर्नेछन्। विद्यालय व्यवस्थापन समितिको बैठकमा बालक्लबका २ जना प्रतिनिधिलाई आमन्त्रण गर्नु पर्नेछ। यसरी आमन्त्रित बालक्लबका प्रतिनिधिहरुले राखेको दृष्टिकोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानून विपरीतका कुनै निर्णय भएकोमा बाल प्रतिनिधिहरुलाई जिम्मेवार बनाईने छैन।

(१२) अभिभावकको अभिलेख राख्ने (१) विद्यालयले उपमहानगर कार्यपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यैको नाम, थर, ठेगाना पेसा व्यबसाय उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावकन भएका विद्यार्थीको हकमा विद्यार्थीलाई प्रचलित नियम बमोजिम संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ तर संरक्षक अभिभावकले यसै ऐनको उपदफा (१) (क) बमोजिम विद्यालय ब्यबस्थापन समितिको पदाधिकारीमा उम्मेदवार हुन पाउने छैन।

(२)उपनियम(१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ।

(१३) विद्यालय व्यवस्थापन समितिको बैठकमा सहभागि पदाधिकारीहरुलाई विद्यालय कोषबाट नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिने छ ।

(१४) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१५) विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

**(१४) विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः** (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई नगर शिक्षा समितिको सिफारिसमा उपमहानगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेस गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न उपमहानगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**१५. नगर शिक्षा कोषः** उपमहानगरपालिकामा एक छुट्टै नगर शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहनेछन्।

(क) विद्यालयको परीक्षा शुल्कबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त रकम,

(ग) चन्दाबाट प्राप्त रकम,

(घ) नगरकार्यपालिकाबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा १ बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**१६.नगर कार्यपालिकाले निर्देशन दिन सक्नेः** (१)नगर कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम दिइएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**१७. उपमहानगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** उपमहानगरपालिकाले वा तोकिएको निकाय/अधिकारीले सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**१८. विद्यालयको सम्पत्तिः** विद्यालयको सम्पत्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१९. विद्यालयको वर्गीकरणः** विद्यालयको वर्गीकरण तोकिएको आधारमा हुनेछ ।

**२०. शुल्क सम्बन्धी व्यवस्थाः** शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१)संस्थागत विद्यालयले "अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५" को दफा २७ को उपदफा ३ मा उल्लेख भए बमोजिम पाँच सय जनासम्म विद्यार्थी भए कम्तीमा दस प्रतिशत, पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भए कम्तीमा बाह्र प्रतिशत र आठ सयभन्दा बढी विद्यार्थी भए कम्तीमा पन्ध्र प्रतिशत विद्यार्थीहरुलाई निशुल्क शिक्षाका लागि छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) संस्थागत विद्यालयले उपलब्ध गराउनुपर्ने छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२. शिक्षकको सरुवाः** शिक्षकको सरुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. दण्ड सजायः(१)** विद्यालय, शिक्षक तथा कर्मचारीको सजाय सम्वन्धी व्यवस्था संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु वा उपमहानगरपालिका, नगर शिक्षा समितिले दिएको निर्देशन उल्लंघन गरेमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

क. सचेत गराउने, नसिहत दिने,

ख. कसुरको मात्रा हेरी पाँच हजारदेखि पच्चिसहजार रुपैयासम्म जरिवाना गर्ने,

ग. विद्यालयलाई उपमहानगरपालिकाले उपलव्ध गराउने सेवा वा सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

घ. विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने

**२४. उपमहानगरपालिका भित्र सञ्चालन हुने होस्टल, पुस्तकालय, कोचिङ कक्षा, ट्यूसन सेन्टर, ब्रिजकोर्ष, पूर्व तयारी कक्षा, भाषा शिक्षण कक्षा, शैक्षिक परामर्शकिन्द्र, प्राविधिक तालिम केन्द्रहरु र अन्य विदेशी शैक्षिक कार्यक्रम अनुमति नलिई संचालन गर्न पाईनेछैन। यस्ता शैक्षिक कार्यक्रमहरुको व्यवस्थापन तथा नियमन तोकिए बमोजिम हुनेछ ।**

**२५. यस ऐनमा उल्लेख नभएका विषय सम्बन्धमाः** (१) यस ऐनमा लेखिए जति कुरा यसै बमोजिम हुनेछ । पछि बन्ने संघीय र प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य भई सो व्यवस्था संघीय वा प्रदेश कानून

अनुसार हुनेछ । यस ऐनमा लेखिए देखि बाहेकका विषयहरुमा संघीय र प्रादेशिक शिक्षा ऐन तथा नियमावलीमा लेखिए बमोजिम हुनेछ

**२६. नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**प्रमाणिकरण गर्ने**

दस्तखतः-
नाम, थरः- तिलक राई
पदः प्रमुख, धरान उपमहानगरपालिका
प्रमाणिकरण मितिः- २०७८ फाल्गुन १० गते मंगलबार